पोखरा उपत्यका साइडसिन घुम्न जाऔं

घुमाउने ठाउँहरु

बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे





सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स

061-544439, 589012, 9856051659 9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ २० गते आइतबार ❑ 2 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी प्रदेशमा मगर भाषा र गुरुङ भाषालाई प्रदेश सरकारी कामकाजको भाषाको रुपमा ल्याउने तयारी

पोखरापत्र संवाददाता

पोखरा १९ माघ

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आउँदो हिउँदे अधिवेशनमा गण्डकी प्रदेशमा मगर भाषा र गुरुङ भाषालाई प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक माथि गहन रुपमा छलफल गरी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी ऐन ल्याउने बताउनु भएको छ।

गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले शनिबार पोखरामा आयोजना गरेको उक्त विधेयकको मस्यौदा माथि छलफल गर्न आयोजित कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले मगर गुरुङ समुदायबाट एकिकृत ढंगबाट सुझाव आएको खण्डमा हिउँदे अधिवेशनमै सरकारी कामकाजको भाषा सम्बन्धी ऐन ल्याउने बताउनु भएको हो।

मगर र गुरुङ समुदायका विभिन्न संघ संस्थाहरुमा लिपि, भाषा लगायतका बिषयमा केही विभाव भएकोले त्यसको अन्त्य गरी समयमै आवशयक सुझाव दिन उहाँले आग्रह गर्नु भयो । मगर र गुरुङ समुदायको लागि आवश्यक छलफल गर्नुपरेको खण्डमा आफ्नो समुदायमा बृहत छलफल गरी निष्कर्षमा बुंदागत रुपमा समेट्नुपर्ने बिषय बस्तु पेश गर्न मुख्यमन्त्री पाण्डेले



प्रदेशबासिलाई आग्रह गर्नुभयो । यदि लिपिमा अन्यौलता हुने र विवादित भए आफुहरुले चाहेर पनि समयमै सरकारी कामकाजको भाषा सम्बन्धी ऐन ल्याउन नसक्ने समेत जनाउनु भएको छ।

उक्त ऐन नआएसम्म मगर र गुरुङ समुदायको भाषा सम्बन्धि प्रदेश सरकारले चाहेर पनि धेरै काम गर्न नसक्ने उहाँको तर्क थियो । उक्त ऐनलाई टेकेरै नियमावली आउने जसमा दण्ड सजाय, आवश्यकता अनुसार भाषा प्रतिष्ठान, पाठ्यपुस्तक, पठकन पाठन लगायतका बिषयमा प्रष्ट हुने मुख्यमन्त्री पाण्डेको भनाई रहेको थियो।

गण्डकी प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने मगर भाषा र गुरुङ भाषाको संरक्षण, सम्बर्द्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता र सामाजिक न्याय कायम गर्न उक्त भाषालाई पहिलो चरणमा कामकाजी भाषाको रुपमा ऐन बनाउने तयारी भएको सामाजिक विकास युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले बताउनु भयो।

देवनागरीक लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त मगर भाषाको लागि प्रयोग हुने लिपि र गुरुङ भाषाको लागि प्रयोग हुने लिपि समेतलाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्नु पर्ने प्राबधान ल्याउने तयारी भएको छ। यसमा स्थानीय तहले आफ्नो क्षेत्रमा बहुसंख्यक बोलिने भाषालाई सरकारी कामकाजका रुपमा प्रयोग गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ। सबै सरकारी काम कारवाही र कार्यालयमा रहने सार्वजनिक दस्तावेजहरु मगर भाषा र गुरुङ भाषामा समेत अनुवाद गरी अभिलेखीकरण गर्नु पर्ने मस्यौदामा उल्लेख गरिएको छ। उक्त ऐन लागु भए पश्चात मगर भाषा र गुरुङ भाषा प्रयोगमा निषेध गर्न नहुनेः कार्यालय, समुदाय र सार्वजनिक स्थानमा मगर भाषा र गुरुङ भाषा प्रयोग गर्न निषेध गर्न पाइने छैन भनि मस्यौदामा उल्लेख छ। सरकारी कामकाजमा भाषा प्रयोग सम्बन्धी प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः सरकारी कामकाजको भाषा प्रयोग गर्ने कार्यालयले सरकारी भाषा प्रयोग सम्बन्धी प्रगति प्रतिवेदन समेत सार्वजनिक गर्नुपर्ने मस्यौदामा उल्लेख गरिएको छ।

उक्त अवसरमा नेपाल मगर संघ गण्डकीका अध्यक्ष तारामाया थापम मगर, तधु धिं नेपालका अध्यक्ष हुम तमु, नेपाल मगर संघका गण्डकी प्रदेश इन्चार्ज खम बहादुर पुन, संघका लोकेन्द्र थापा मगर, तमु धिं नेपालका भाषा साहित्य विभाग प्रमुख कृष्ण गुरुङ लगायतले मगर र गुरुङ समुदायको क्षेत्रगत रुपमा भाषा र लिपि फरक फरक भएको उल्लेख गर्दै दुबै भाषालाई सरकारी कामकाजको रुपमा ल्याउदै गर्दा यस भाषाको संरक्षण तथा प्रबर्द्धन गर्न समेत प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गर्न माग गर्नु भयो। कार्यक्रममा मन्त्री, सांसद सहित विभिन्न सरोकारवाला सहित पत्रकारको सहभागिता रहेको थियो । मन्त्रालयका सचिव नवराज ढकालले गण्डकी प्रदेशका २५ लाख जनसंख्या मध्ये १८.७९ प्रतिशत जनसंख्या मगर भाषा, ११ प्रतिशत गुरुङ भाषा बोल्ने गरेको जनाउनुभयो।

## सांस्कृतिकको संरक्षण र विकास गर्नु हामी सबैको दायित्वः प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता

पोखरा, १९ माघ

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सांस्कृतिक विविधताको संरक्षण र विकास गर्नु सबैको दायित्व रहेको उल्लेख गर्नुभएको छ।

तामाङहरूको महान पर्व २८६१ औं सोनाम ल्होसारको अवसर पारी तामाङ बौद्ध सेवा समिति पोखराले आयोजना गरेको ल्होसार विशेष शुभकामना आदानप्रदान कार्यक्रममा बोल्नुहुँदै प्रदेश प्रमुख भट्टले सोनाम ल्होसार पर्वले सबै नेपालीबीचको एकतालाई अझ सुदृढ गर्दै आर्थिक र सामाजिक रूपले समृद्ध मुलुक निर्माण गर्नका लागि अघि बढ्न सबैलाई उर्जा प्रदान गरोस् भन्ने कामना गर्नुभयो। नेपालीबीच आपसी सद्भाव, प्रेम, भातृत्व, सहिष्णुता र एकताको पर्वको रुपमा लिइने यस पर्वले नेपालको मौलिक संस्कृतिको संरक्षण तथा सम्बर्द्धनमा योगदान पुर्‍याएको उहाँले बताउनुभयो।

प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'हाम्रो विविधता र सांस्कृतिक परम्परा नेपालका लागि मात्र नभएर विश्व समुदायका लागि पनि एक महत्वपूर्ण पूँजी हो । भाषा, संस्कृति, भेषभूषा र संस्कार आ-आफ्नो जातीय पहिचान र मौलिक सभ्यताका आधार स्तम्भ हुन् । यस्ता विविधताको संरक्षण, प्रवर्द्धन र विकास गर्नु राज्यको दायित्व पनि हो ।' बहुजातीय,



बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त नेपाली समाजमा सोनाम ल्होसार जस्ता पर्वहरूबाट सबै नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि हुनाका साथै यसबाट बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ गर्न मद्दत पुग्ने विश्वास पनि उहाँले लिनुभयो। आफ्नो धर्म र जातिय सांस्कृतिक मौलिकता जोगाइराख्नु मुख्य चुनौती रहेको भन्दै उहाँले यी महत्वपूर्ण पर्वहरूलाई जोगाउने अबको मुख्य जिम्मेवारी युवाहरूको काँधमा रहेको बताउनुभयो । ' नयाँ पुस्तालाई आफ्नो संस्कृति र धर्म पुस्तान्तरण गर्नु हाम्रो मुख्य जिम्मेवारी हो । किनभने भाषा, संस्कृति, भेषभूषा र संस्कार आ-आफ्ना जातीय चिनारी र मौलिक सभ्यताका आधार स्तम्भ हुन्। यस्ता विविधताको संरक्षण र विकास गर्नु हामी सबैकोको दायित्व हो।' प्रदेश प्रमुख भट्टले भन्नुभयो । विशेष अतिथि प्रतिनिधिसभा सांसद मनबहादुर गुरूङ, तामाङ घेदङ्का संघीय उपाध्यक्ष दीपक तामाङ, तामाङ घेदुङ कास्कीका अध्यक्ष भक्त योञ्जनलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो। कार्यक्रम समितिका अध्यक्ष विष्णु योञ्जन तामाङको अध्यक्षतामा भएको थियो । कार्यक्रमको सञ्चालन सचिव शान्ति तामाङ र स्वागत बोसबहादुर तामाङले गर्नुभएको थियो। राष्ट्रिय जनगणना २०७८ अनुसार तामाङ जाति जनसंख्याको हिसाबले पाँचौ नम्बरमा रहेको छ। कुल जनसंख्याको ५ दशमलव ६ प्रतिशत अर्थात् १६ लाख ३९ हजार ८ सय ६६ जना तामाङ जाति नेपालमा बसोबास गर्दछन्। ५.५ प्रतिशतले तामाङ भाषा बोल्दछन् । धर्म अनुसार बौद्ध धर्मावलम्बी दोस्रो नम्बरमा छन् । २३ लाख ९३ हजार ५ सय ४९ अर्थात् ८ दशमलव २ प्रतिशत जनसंख्या बौद्ध धर्म मान्दछन् ।

## पुम्दीकोटमा श्रीमद्भागवत ज्ञान महायज्ञ एवम् महाशिवरात्री महिमा हुने

पोखरापत्र संवाददाता

पोखरा, १९ माघ

पोखरा २२ (पुम्दी–भुम्दी) मा रहेको पुम्दीकोटमा कैशालधाम निर्माण गर्ने उद्धेश्यले श्रीमद्भागवत ज्ञान महायज्ञ एवम् महाशिवरात्री महिमा हुने भएको छ।

पुम्दिकोट कोट विकास समितिको आयोजनामा आउँदो फागुन ७ गते देखि १५ गतेसम्म उक्त महायज्ञ आयोजना हुने भएको समितिका अध्यक्ष एवं मुल आयोजक समितिका संयोजक चन्द्रकान्त बरालले बताउनु भयो। शनिबार पोखरामा आयोजित महायज्ञ प्रचार प्रसार समितिको पहिलो बैठकमा बोल्दै अध्यक्ष बरालले पछिल्लो समयमा चर्चामा रहेको पुम्दीकोट क्षेत्रको अधुरा भौतिक पूर्वाधार सहित एक रात पर्यटकहरुको बसाई अवधि लम्बाउने उद्धेश्यले पूर्वाधार निर्माण हुने गरी हुन लागेको महायज्ञलाई सफल पार्न सबैको साथ र सहयोग आवश्यक भएको बताउनुभयो । पुम्दीकोट कोट विकास समितिले यस अघि २०७३ र २०७९ सालमा गरेका शिव महापुराण ज्ञान महायज्ञ लगायत हालसम्म दानदाताहरुले गर्नुभएको दानलाई संकलन गर्दै आएको उहाँले प्रष्ट पार्नु भयो । अझै पनि कैलाशधाम निर्माण गर्ने अभियान निरन्तर जारी रहेको उल्लेख गर्दै उहाँले पर्यटनको राजधानी पोखरा आउने पर्यटकको बसाँइ कम्तिमा पनि १ दिन लम्व्याउने उद्देश्य अनुरुप साँझको समयमा विशाल महादेवको मूर्तिलाई पर्दा बनाई लेजर लाईट मार्फत् शिवलीला प्रदर्शन गर्ने, कैलास पर्वतदेखि सुमेरु पर्वतसम्म पहुँचको लागि शिसाको पुल निर्माण गर्ने, हरियाली उद्यान, अन्तर्राष्ट्रिय ध्यान केन्द्रमा इको साउण्ड नियन्त्रण गर्ने जस्ता कार्य गर्ने रणनैतिक लक्ष्य राखि श्रीमद्भागवत ज्ञान महायज्ञ एवम् महाशिवरात्री महिमा-२०८१ को आयोजना गर्न लागिएको अध्यक्ष बरालले जनाउनुभयो।

प्रचार प्रसार गर्दा सामाजिक संजाललाई अधिक रुपमा प्रयोग गरी कास्की सहित गण्डकी प्रदेशका जिल्लासम्म उक्त महायज्ञमा सहयोग गर्ने दाताको खोजि गर्ने तथा महायज्ञमा सहभागिताको लागि निमन्त्रणा गर्न सबै एक भई लाग्ने बैठकमा निर्णय भएको सहसंयोजक मात्रिका बरालले बताउनु भयो । आध्यात्मिक जागरण मार्फत् हाम्रो मन र चित्तको थप शुद्धिकरण गर्ने तथा सनातनधर्मको संरक्षण गर्दै आकर्षक सुरक्षित धार्मिक पर्यटकीय गन्तव्य पुम्दीकोट बनाउने सङ्कल्प लिएको उहाँले जनाउनुभयो । पुम्दी भुम्दी क्षेत्रका स्थानिय सम्पुर्णमा उक्त महायज्ञ भव्य रुपमा सफल पार्न र आवश्यक सहयोग गर्न समितिले आव्हान समेत गरेको छ। प्रचार समितिले घर देलो देखि तुल व्यानर, प्रर्चा पम्प्लेट, माइकिङ सहित प्रचार अभियानमा जुट्ने भएको छ । छलफल कार्यक्रममा गण्डकी प्रदेशका सांसद प्रकाश बरालले उक्त महायज्ञ सफल पार्न आफ्नो क्षेत्रबाट अहोरात्र खट्ने बताउनु भयो । पोखरा २२ का वडा अध्यक्ष हिमलाल बराल, स्थानिय लक्ष्मी देवि पौडेल लगायतले आफ्नो गाउँमा बृहत योजना सहित आयोजना हुने महायज्ञलाई सफल पार्न आवश्यक सहयोग गर्ने बताउनुभयो। प्रचार प्रसारको दोश्रो बैठक यही माघ २५ गते बस्ने भएको समितिले जनाएको छ। १ सय ७ सदस्य प्रचार प्रसार समिति गठन भएको समितिका व्यबस्थापक रुद्रनाथ पौडेलले बताउनु भयो। उक्त महायज्ञमा प्रमुख बाचक भागवत मञ्जरी (माता) राधिका दासी रहनु हुने भएको छ।

## फेवाताल किनारमा सिमसार संरक्षण फोटो प्रदर्शनी हुँदै

पोखरापत्र संवाददाता

पोखरा, १९ माघ

विश्व सिमसार दिवस २०२५ को अवसरमा फेवाताल किनार क्याम्पिङचोकमा आइतबार सिमसार संरक्षण फोटो प्रदर्शनी हुने भएको छ। पत्रकार कृष्णमणि बरालले विगत २० वर्ष भन्दा पहिले देखि खिचेका फेवाताल र पोखराका ९ वटै तालको विभिन्न अवस्था झल्कने फोटो प्रदर्शनी हुनलागेको हो।

राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपाल र सामुदायिक सेवा केन्द्र एवंम् सामुदायिक प्रहरी सेवा बैदामको आयोजनामा हुने फोटो प्रदर्शनीमा फेवाताल कसरी मुहानबाट पुरिदै छ भन्ने देखिने २० वर्ष अघि र अहिलेको तस्बिर पनि समावेश हुने छ। ताल कसरी पुरिदै छ र कसरी प्रदूषणको चपेटामा पर्दै गएको छ भन्ने जानकारी गराउदै संरक्षणमा लाग्न सचेत गराउने उद्देश्यले फोटो प्रदर्शनीको आयोजना गरिएको आयोजक राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपाल र सामुदायिक सेवा केन्द्र एवंम् सामुदायिक प्रहरी सेवा बैदामका अध्यक्ष ठाकुर प्रसाद बरालले बताए। हाम्रा बानीले ताल कसरी प्रदूषणको चपेटामा पर्दै गएको भन्ने दृश्य पनि फोटो प्रदर्शनीमा समेटिने आयोजकले बताएका छन् । पत्रकार कृष्णमणि बरालले विगत १६ वर्ष अघि देखि गिद्ध र सिमसार संरक्षणकाागि संरक्षण फोटो प्रदर्शनी गर्दै आएका छन्। यही निरन्तरताको क्रममा विश्व सिमसार दिवसको अवसरमा मानवीय व्यवहारका कारण पोखराका तालहरु कसरी प्रदूषणको चपेटामा परेका छन् भन्ने सचेत गराउन फोटो प्रदर्शनीको आयोजना गरिएको पत्रकार बरालले बताए। यस वर्षको नारा हाम्रो साझा भविश्वकालागि सिमसार संरक्षण रहेको छ। सबै सजिव प्राणीकालागि नभैनहुने पानीका स्रोतहरु सुक्दै र


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# अली मियाँ स्मृति सेभेन ए साइड फुटबलको आइतबार फाइन खेल हुने

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ

लोक कवि अली मियाँ स्मृति चौँथो खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगितामा अन्तिम चारमा पुग्ने टिमको टुन्गो लागेको छ।

शनिवार पोखरा-१३ मा रहेको माछापोखरी फुटबल मैदानमा भएका क्वाटरफाइनलका खेलबाट अन्तिम चार टिमको टुन्गो लागेको हो।

लिभिक एफसी, रामघाट (सेतो), एन. के एफसी (बी), र एनएमएमसी (ए) फाइनलमा पुगेका हुन् । सेमिफाइनलमा एन. केले रामघाटको सामाना गर्ने छ। भने एनएमवाइसी (ए)ले लिभिकको सामाना गर्ने छ। ए-७ लाई ट्राइवेकरमा ८-७ को गोल अन्तरले पराजित गदै लभिकले सेमिफाइनलको यात्रा पक्का गरेको हो । रामघाटले मुस्लिम कल्याणकारीलाई १-० ले पराजित गर्दा ट्रेकर्स एफसीलाई शून्यका विरुद्ध १ गोल गदै रामघाटले फाइनलको यात्रा तय गर्यो। यस्तै आयोजक एनएमवाइसीले (ए)ले आयोजकको अर्को टिम एनएमवाइसी (बी) लाई ३-० को सहज जित निकाल्दै फाइनलमा पुग्यो। आयोजक समितिका सदस्य शम्सुल हकका अनुसार आइतबार सेमिफाइनल र फाइन खेल हुने छ।

प्रतियोगितामा प्रथम हुने टिमले १ लाख ४० हजार र द्धितीय हुने टिमले ८५ हजार पुरस्कार पाउने छन् । यस्तै विधागत तर्फ वेष्ट फरवाड, मिड-फिल्डर, डिफेन्सर, गोलकिपर र हाइस्केररलाई नगद ५/५ हजारले पुरस्कार पाउने छन्। नेपाल मुस्लिम युवा समिति पोखरा-१३ को आयोजनामा भएको प्रतियोगिता यही माघ २० गतेसम्म फाइनल खेल हुने छ।

# पोखराको ड्यामसाइडमा आइतबारदेखि अन्तरविद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता सुरु हुने

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ




पोखराको ड्याम साइड क्लवको आयोजनामा आइतबार देखि चौथो सस्करणको अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८१ हुने भएको छ । पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा हुने उक्त प्रतियोगिता गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा आइतबार देखि हुने भएको शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

यही माघ २६ गतेसम्म चल्ने प्रतियोगितामा १९ वटा बिद्यालयको सहभागिता रहेको क्लवका अध्यक्ष रमेश प्रसाद बरालले बताउनु भयो। आइतबार १२:०० बजे पछि हुने उद्घाटन खेलमा शिशु निकेत मावि र पोखरा किण्डरगार्टेन मावि बिच खेल हुने भएको उहाँले जनाउनु भयो। त्यसै गरी भोलि अर्को खेल हिमालयन बोर्डिङ स्कुल र बिद्या निकेत मावि बिच खेल हुने भएको छ। प्रतियोगितामा पोखरा १७ स्थित वडामा रहेका सामुदायिक तथा निजी बिद्यालयहरुले मात्र सहभागि जनाएका हुन्। ७ दिनसम्म चल्ने प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएका छन् । पत्रकार भेटघाट कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, महासंघ कास्की शाखाका अध्यक्ष माधव बराल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव परशुराम शर्मा आचार्य लगायतको सहभागिता रहेको थियो। हरेक खेलको म्यान अफ दी म्याच हुने खेलाडीलाई ट्रफी प्रदान गरिने भएको छ भने प्रतियोगितामा सर्वोउत्कृष्ट सहित सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेण्स, उत्कृष्ट मिडफिल्ड, उत्कृष्ट स्टाइकर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई समेत ट्रफी प्रदान गरिने भएको प्रतियोगिताका संयोजक विनोद परियारले बताउनु भयो । त्यसै गरी प्रतियोगितामा अनुशासित टिम र उदीयमान खेलाडीलाई समेत पुरस्कार प्रदान गरिने भएको छ।

गत बर्षको विजेता शान्ति निकुन्ज बोर्डिङ स्कुल रहेको क्लवका महासचिव राकेश श्रेष्ठले बताउनु भयो । बालोदय बोर्डिङ स्कुल भने गत बर्ष उपविजेता भएको थियो । खेलकुदको शहर पोखरामा विगत २०५९ सालदेखि खेलकुद, पर्यटन र सामाजिक कार्यमा सक्रिय हुदै आएको क्लवले विश्वकै चर्चीत खेल फुटवल खेलको तल्लोस्तर (ग्रासरुट) बाट विकास गर्ने उद्धेश्यले विगत ३ बर्ष देखि उक्त प्रतियोगितालाई निरन्तरता दिदै आएको पूर्व अध्यक्ष पदम ढकालले जनाउनु भयो । उक्त क्लबबाट राजेन्द्र तामाङ, रवि थापा, प्रताप शैजु, बसन्त गौचन, विशन गौचन सहितका खेलाडी सहित ए डिभिजनमा खेल्ने करिब २५ जना खेलाडीहरु उत्पादन गर्न सफल भएको क्लवको दाबी छ।

# राष्ट्रिय औद्योगिक व्यापार मेला तथा आइटी महोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ

पोखराको नयाँबजारमा आयोजित ३३ औं संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेला तथा आइटी महोत्सव २०८१ सकिएको छ । माघ १० गते गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेबाट उद्घाटन भएको मेला १० दिनसम्म चल्यो।

पोखरा उद्योग वाणिज्य संघ मेलाको आयोजक हो । क्यान कास्कीले आयोजना गर्दै आएको क्यान इन्फोटेकको १२ औं संस्करण र मोवाइल बितरक संघले आयोजना गर्दै आइरहेको मोवाइल मेलाको चौथो संस्करण पनि यही मेलामा समाहित गरिएको थियो।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीका अनुसार यो मेला नाफा आर्जन गर्ने हिसाबले नभइ उद्यमशिलता विकासका निम्ति आयोजना गरिएको थियो। उनले यो पटकको मेलालाई फरक शैलीले आयोजना गरिएको पनि जिकिर गरे। 'हामीले यो पटकको मेलामा साँच्चै फरक गर्न खोज्यौं । मेलालाई सूचना प्रविधि सिक्ने थलो बनायौं।

यो पटकको मेला सूचना प्रविधिबारे जानकारी पस्कने, टक सोको माध्यमबाट उद्यमशिलता विकास,रोजगारी सिर्जनाबारे मन्थन गर्ने, सूचना प्रविधिसँग मान्छेलाई जोड्ने तथा आधुनिक जीवनको अपरिहार्य सर्त बनेको मोवाइल र त्यसका सामानहरुको प्रदर्शन गर्ने थलो बन्यो,'उनले भने । ३३ औं संस्करणको मेलाबाट देशका सातवटै प्रदेशका उत्पादन, खाना एवं संस्कृतिको प्रदर्शन गर्ने प्रयत्नको सुरुवात गरिएको पनि उनको भनाइ छ । संघका उद्योगतर्फका उपाध्यक्ष दीनेशचन्द्र बास्तोलाले मेला आयोजनाको क्रममा सघाउनेहरुलाई धन्यवाद ज्ञापन गर्दै उद्यमशिलता विकास तथा व्यवसायीको हितका लागि संघ निरन्तर क्रियाशिल रहने बताए । संघकी महासचिव शोभा गौतमका अनुसार पोखरा उद्योग वाणिज्य संघको आयोजनामा माघ १० देखि संचालित '३३ औं संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेला तथा आइटी महोत्सव २०८१, १२ औं क्यान इन्फोटेक तथा चौथो मोवाइल मेलाको नेपाल उद्योग वाणिज्य महासंघ तथा महासंघ गण्डकी प्रदेश संरक्षक हो भने गण्डकी प्रदेश सरकार,पोखरा महानगपालिका र नेपाल पर्यटन बोर्डले यसको प्रवर्द्धन गरेका थिए। 'लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने मुल नाराका साथ आयोजित मेलामा संघले पोखरा औद्योगिक क्षेत्र उद्योग संघ,क्यान कास्की, नेपाल मोवाइल बितरक संघ गण्डकी र सिएसआइटी एसोसियसनसँग सहकार्य पनि उनले बताइन्। यस्तै, मधेश प्रदेश सरकार, नेपालस्थित भारतीय राजदूताबास,स्वामी विवेकानन्द कल्चरल सेण्टर,पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा,कृषि विकास निर्देशनालय गण्डकीसँग पनि सहकार्य गरिएको संघका प्रचार प्रसार उपसमिति संयोजक मनोहरि पौडेलले बताए।

# विश्व ...

प्रदूषणको चपेटामा पर्दै गएका छन् । भोलि पानीको अभावमा काकाकुल हुने अवस्था आउन नदिन अहिले देखि पानीका स्रोतहरु, खोला, नदी, ताल, तलैया सुक्न र प्रदूषणको चपेटामा पर्न नदिन संरक्षण गर्नुपर्छ भन्ने सन्देश दिन फोटो प्रदर्शनीको आयोजना गरिएको पनि उनले बताए।

पोखराका ९ तालहरु २०७२ माघ २० गते अन्तर्राष्ट्रिय महत्वको रामसार सूचीमा सूचीकृत भएका छन् । पोखराका तालहरु अन्तर्राष्ट्रियकरण गरिएपनि संरक्षणमा नागरिक र तीन तहकै सरकारले चासो नदिदा प्रदूषणको चपेटामा परेका छन्। देशकै दोस्रो ठूलो ताल फेवा प्रत्येक वर्ष साँगुरिदै पनि गएको छ।

# नेवा: मिसा पुच नयाँ बजारको अध्यक्षमा कोपिला

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ



नेवाः मिसा पुच पोखरा-९ नयाँ बजारको १३ औं साधारण सभा तथा ५ औं अधिबेशनमा कोपिला श्रेष्ठको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गर्दै शनिबार सम्पन्न भयो। समितिको उपाध्यक्षमा मिना माकाजु, सचिवमा उषा सिल्पकार, सहसचिवमा अम्बिका मुल्मी, कोषाध्यक्षमा निशा ताम्राकार, सदस्यहरुमा लक्ष्मी मुल्मी, शुशिला कर्माचार्य, इश्वरी श्रेष्ठ, पुनम गुरुङ श्रेष्ठ, जुना श्रेष्ठ ताम्राकार, श्यामा श्रेष्ठ पुजा बाटाजु, विष्णु माया रन्जित, सुनि श्रेष्ठ, शुशिला प्रधान निर्विरोध निर्वाचित हुनुभयो।

कार्यक्रमका प्रमुख अतिथि पोखरा ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले कार्यक्रम उद्घाटन गर्दै आफू आसन र भाषण भन्दा पनि काम गर्न रुचाउने भएकोले आफुले के सहयोग गर्नुपर्छ आफू सहयोग गर्न तत्पर रहेको प्रतिबद्धता व्यक्त गरेका थिए।

नेवाः खल कास्कीका अध्यक्ष अशोक पालिखेले नेवारी समुदाय नेपाली कला र संस्कृतिमा पहिलो भएकोले नेवारले आफ्नो संस्कार संस्कृति नै जोगाउन अनुरोध गरेका थिए। पोखरा ९ का वडा सचिव कुलराज पौडेल, नेवाः मिसा पुच कास्कीका अध्यक्ष संगीता बज्राचार्य, सल्लाहकार शम्भुलाल श्रेष्ठ, जेष्ठ नागरिक सम्मानित ब्यक्तित्व बेद कुमार श्रेष्ठ, निवर्तमान अध्यक्ष मिरा श्रेष्ठ लगाएतले बोलेका थिए। सो अबसरमा सचिव मिना माकाजुले सचीवको प्रतिबेदन र कोषाध्यक्ष निशा ताम्राकारले आर्थिक प्रतिबेदन प्रस्तुत गरेका थिए।

नेवाः मिसा पुच नयाँबजारका अध्यक्ष यमुना तझ्या श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष कोपिला श्रेष्ठ र संचालन सचिव मिना माकाजुले गरेका थिए।

# पर्यटनको विकासबाट समृद्धि हासिल गर्न सहज हुने

पोखरापत्र संवाददाता
बागलुङ, १९ माघ

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटनको विकासबाट नै मुलुकको समृद्धि हासिल गर्न सम्भव हुने बताउनुभएको छ।

बागलुङ बजारमा इला होटल तथा रिसोर्टको उद्घाटन गर्दै उहाँले पर्यटकीय पूर्वाधार निर्माणमा निजी क्षेत्रले निर्वाह गरेको भूमिकाको सराहना गर्नुभयो । साथै उहाँले सार्वजनिक निजी क्षेत्र साझेदारीबाट नै आर्थिक समृद्धि हासिल गर्न सकिने बताउनुभयो। मन्त्री पाण्डेले लगानीको वातावरण सरकार लागिपरेको उल्लेख गर्दै अधिकभन्दा अधिक पर्यटक भित्र्याउन पर्याप्त भौतिक पूर्वाधार आवश्यक भएको बताउनुभयो । पर्यटकीय पूर्वाधार निर्माणका निम्ति सरकारले निजी क्षेत्रलाई सहयोग गरिरहेको बताउनुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले स्वदेशमा लगानी प्रोत्साहन तथा रोजगारी सृजनालाई प्राथमिकता दिएर आफू त्यसमा निरन्तर लागिरहेको बताउनुभयो । आइएमई ग्रुपका अध्यक्षसमेत रहनुभएका उहाँले पर्यटन र जलविद्युत् क्षेत्रमा हुने लगानीले राष्ट्रलाई समृद्धिको मार्गमा उन्मुख गराउने बताउनुभयो। अध्यक्ष ढकालको रु ३० करोडको लगानीमा उक्त पूर्वाधार निर्माण भएको हो। त्यस अवसरमा सांसदहरू दीपक गिरि, जीवन परियार, बागलुङ नगरपालिकाका प्रमुख वसन्त श्रेष्ठ, बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेललगायत वक्ताले बागलुङ बजारमा निर्मित सुविधासम्पन्न पूर्वाधारका माध्यमबाट स्वदेशी एवं विदेशी पर्यटकलाई आकर्षित गर्न सहज हुने बताउनुभयो।

# टाइगर कप भलिबलको गण्डकी फाइनलमा


पोखरापत्र संवाददाता
पोखरा, १९ माघ




टाइगर कप राष्ट्रिय तथा अन्तरराष्ट्रिय आमन्त्रित महिला तथा पुरुष भलिबल प्रतियोगिताको पुरुषतर्फ गण्डकी प्रदेश फाइनलमा प्रवेश गरेको छ । गण्डकी प्रदेश भलिबल सङ्घद्वारा पोखरा रङ्गशालामा आयोजित प्रतियोगितामा नेपाली सेनाको त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै घरेलु टोली गण्डकी फाइनलमा प्रवेश गरेको हो।

पोखरा रङ्गशालामा शनिबार दोस्रो क्वालिफायरको प्रतिस्पर्धात्मक खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबमाथि ३-१ सेटको जित निकाल्दै गण्डकी उपाधि नजिक पुगेको हो । गण्डकीले आइतबार अर्को विभागीय टोली नेपाल पुलिस क्लबसँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ। खेलमा पहिलो सेट २५-१६ ले आफ्नो पक्षमा पारेको गण्डकीले दोस्रो सेट २२-२५ ले आर्मीलाई सुम्पियो।

तेस्रो र चौथो सेटमा गण्डकी पुनः उत्कृष्ट प्रदर्शन गर्न सफल भयो। गण्डकीले तेस्रो सेट २५-१५ र चौथो सेट २५-१९ ले आफ्नो पक्षमा पारेको हो । गण्डकीसँग पराजित भएको आर्मीले तेस्रो स्थानमा चित्त बुझाएको छ। तेस्रो बनेको आर्मीले रु एक लाख ८५ हजार पाँच सय ५५ प्राप्त गरेको आयोजकले जनाएको छ । यसैगरी, शनिबार सम्पन्न भएको महिलातर्फको दोस्रो क्वालिफायरको खेलमा टिपटप न्यू डायमन्ड स्पोर्ट्स क्लबमाथि जित निकाल्दै आयोजक टाइगर ग्रुप अफ पोखरा फाइनलमा पुगेको छ । न्यू डायमन्डलाई आयोजक टोलीले ३-१ सेटले पराजित गर्न सफल भयो। पहिलो सेट १६-२५ ले गुमाएको आयोजक टाइगर ग्रुपले दोस्रो, तेस्रो र चौथो सेटमा उत्कृष्ट पुनरागमन गर्दै फाइनलमा सशस्त्र प्रहरी बलको एपिएफ क्लबसँगको भेट पक्का गरेको हो। टाइगर ग्रुपले दोस्रो सेट २५-१९, तेस्रो २५-१५ र चौथो सेट २५-२३ ले आफ्नो पक्षमा पार्‍यो । आयोजक टोलीले अब उपाधिका लागि आइतबार एपिएफसँग खेल्नेछ । टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा भइरहेको प्रतियोगिताको च्याम्पियन टोलीले महिला तथा पुरुषतर्फ समान नगद रु पाँच लाख ८५ हजार पाँच सय ५५ पाउनेछन् । द्वितीय टोलीलाई समान रु दुई लाख ८५ हजार पाँच सय ५५ र तृतीय टोलीले रु एक लाख ८५ हजार पाँच सय ५५ ट्रफी र मेडल प्राप्त गर्नेछन् । महिला तथा पुरुष दुवैतर्फ सर्वोत्कृष्ट बन्ने खेलाडीले जनही रु २५ हजार सात सय ७७ पाउनेछन् भने दुवैतर्फ विधागत उत्कृष्ट ठहरिने खेलाडीलाई जनही रु १० हजार पाँच सय ५५ का दरले पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ। - विदुरनीति

## सम्पादकीय

# स्वास्थ्य बिमा कार्यक्रम एकीकृत गर्नुपर्ने

स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलले छरिएर रहेका स्वास्थ्य बिमासम्बन्धी कार्यक्रमलाई एकीकृत गर्नुपर्ने सुझाव दिएको छ । कार्यदलले छरिएर रहेका स्वास्थ्य उपचार सहायता तथा अनुदानसम्बन्धी कार्यक्रमलाई स्वास्थ्य बिमा बोर्डबाट एकीकृत गर्न सकिने उल्लेख गरिएको हो । प्रतिवेदनमा आठ किसिमका कडा रोगका लागि दिइँदै आएको रु एक लाखको स्वास्थ्य सुविधा, आमा सुरक्षा कार्यक्रम, मिर्गौला तथा कलेजो प्रत्यारोपण, क्यान्सर उपचार सहयोग कार्यक्रम, अस्पतालका सामाजिक सेवा एकाइमार्फत दिइने उपचार सेवा, वृद्ध र बालबालिकाको निःशुल्क उपचार, १५ वर्षमुनिका र ७० वर्षमाथिको मुटुको निःशुल्क उपचार, विपन्न नागरिकका लागि कडा रोगको निःशुल्क उपचारलगायत कार्यक्रमलाई एकीकृत गर्नुपर्ने सुझाव दिइएको वरिष्ठ जनस्वास्थ्यविद् एवं स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलको रहेको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रम, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, निजामती कर्मचारी अस्पताल उपचार सेवा, प्रदेश सरकारले प्रदान गर्दै आएका स्वास्थ्य सहयोग तथा अनुदान र स्थानीय तहबाट भएका स्वास्थ्य सहायता तथा अनुदान कार्यक्रमलाई पनि स्वास्थ्य बिमा बोर्डमार्फत दिन सकिने प्रतिवेदनमा उल्लेख गरिएको छ। नेपालमा छरिएर रहेका स्वास्थ्य उपचार सहायता तथा अनुदानसम्बन्धी कार्यक्रमलाई एकीकृत गर्दा प्राप्त हुने स्रोत करिब रु १५ अर्ब हुनेछ। छरिएर रहेका सामान प्रकृतिका कार्यक्रमले खर्च र सरकारको बजेट बढाउने देखिएकाले एकिकृत गर्नुपर्ने सुझाव रहेको छ। प्रतिवेदनले स्वास्थ्य बिमाको सुविधाको दायरा र पुँजी बढाउनुपर्ने सुझाव दिएको छ। घातक रोग लाग्दा अहिलेको सुविधा क्षेत्रले धान्ने अवस्था नरहेको, दीर्घ रोग लागेका सदस्य भएका परिवारलाई र परिवारका धेरै सदस्य बिरामी पर्दा अहिलेको सुविधा कम पर्ने भएकाले दायरा र पुँजी बढाउन सुझाव दिइएको छ।

प्रतिवेदनमा व्यक्तिको पकेट खर्च ५४ प्रतिशतबाट घटाई २० प्रतिशतमा झार्नुपर्ने उल्लेख छ। प्रतिघरले स्वास्थ्य बिमाका लागि तिरेको औसत प्रिमियम रु तीन हजार आठ सय र दाबी रु आठ हजार तीन सय ५० रहेको उल्लेख गर्दै आचार्यले बोर्डले बिमा गराएबापत सङ्कलन गरेको रकमले २४ प्रतिशत मात्र खर्च धान्न सक्ने अवस्था रहेकोछ।  यही अवस्थामा बिमा बोर्ड सञ्चालन भएमा सन् २०३० मा सरकारले रु ६२ दशमलव आठ अर्ब भुक्तान दिनुपर्ने हुन्छ । स्वास्थ्य बोर्डका अनुसार हालसम्म ८७ लाख ३२ हजार नौ सय १२ नागरिक स्वास्थ्य बिमामा आबद्ध छन् । बिमामा आबद्धमध्ये करिब ४८ प्रतिशतले सेवा लिइरहेका छन् । सरकारले स्वास्थ्य बिमामा देखिएका समस्या समाधान गर्नका लागि वरिष्ठ जनस्वास्थ्यविद् डा आचार्यको संयोजकत्वमा आठ सदस्यीय स्वास्थ्य बिमा सुधार सुझाव कार्यदल गठन गरेको थियो ।

# स्याङ्जामा एचपिभी खोपको तयारी पुरा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १९ माघ

माघ २२ गतेबाट शुरु हुने एचपिभी खोप अभियानको तयारी पुरा भएको जानकारी दिइएको छ।

प्रदेश जनस्वास्थ्य कार्यालय पुतलीबजार स्याङ्जाले एचपिभि खोप अभियान–२०८१ का बारे अन्तरक्रिया एवम् गोष्ठिमा जिल्लाभर संचालन हुने एचपिभी खोप अभियानको तयारी पुरा भएको जनाएको हो । महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर विरुद्ध एचपिभि खोप अभियान अन्तर्गत स्याङ्जाका ११ वटै स्थानीय तहमा खोप लगाईदै छ। देशभर यो खोप अभियान यही माघ २२ देखि फागुन ६ गते सम्म कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीहरूलाई एचपिभी खोप दिने लक्ष्य नेपाल सरकारको छ । प्रदेश जनस्वास्थ्य कार्यालय पुतलीबजार स्याङ्जाले आयोजना गरेको अभिमुखीकरण गोष्ठिमा जिल्ला खोप समन्वय समितिका पदाधिकारीहरु र पत्रकार तथा सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो। कार्यक्रममा महिलाको पाठेघरको मुखको क्यान्सर बारे जानकारी, संक्रमणका लक्षण, रोकथामका उपाय, अभियानमा प्रयोग हुने एचपिभी खोपको परिचय, खोप सेवा सञ्चालनको पृष्ठभूमिसाथै खोप सेवा सञ्चालनको औचित्य, खोप सेवाका लक्षित उमेर समूह र संख्या तथा खोप अभियान सञ्चालन कार्यनीति बारे जनस्वास्थ्य प्रशासक केशवप्रसाद चापागाईंले जानकारी दिए । ११ ओटै पालिकाको अभिलेख तयार गरिसकेको र सत् प्रतिशतलमा यो खोप लगाइने लक्ष्य लिइएको जनस्वास्थ्य प्रमुख चापागाईले बताए । सबै पालिकाहरुका स्वास्थ्य संस्थामा शुक्रवार बेलुका सम्म खोप उपलब्ध गराइने समेत उनले गोष्ठिमा जानकारी गराए । जिल्लाका ११ वटै पालिकामा ९ हजार ३ सय १९ जनालाई एचपिभी खोप दिइने छ । खोप लगाईसकेपछि खोप कार्ड सुरक्षित राख्नुपर्ने स्याङ्जाका जनस्वास्थ्य प्रमुख चापागाईंले बताए । जिल्लामा ३ सय १९ खोपकेन्द्रमा स्वास्थ्यकर्मी र स्वयंसेवकहरुको सहयोगमा एचपिभी खोप लगाइने छ । सबै खोपकेन्द्र तयारी अवस्थामा रहेको समेत चापागाईले बताए । पुतलीबजार, वालिङ, भीरकोट र चापाकोट नगरपालिका र फेदिखोला गाउँपालिकामा २२ देखि २७ गतेसम्म तथा आँधीखोला, अर्जुनचौपारी, कालीगण्डकी, बिरुवा गाउँपालिका र गल्याङ नगरपालिकामा २२ देखि २५ गतेसम्म खोप संचालन हुने छ भने हरिनास गाउँपालिकामा २२ देखी २४ सम्म संचालन हुने आयोजकले जनाएको छ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख श्रीप्रसाद जिटी, प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल, नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष प्रदिप कोइराला लगायतले सरकारले राखेको लक्ष्यलाई सफल बनाउन सबैले सहयोग गर्न आग्रह गरेका थिए।

# वडामै योजना सम्झौता : समय र खर्चको बचत

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ माघ

भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित म्याग्दीको धौलागिरि गाउँपालिकाले घुम्ती शिविरमार्फत वडामै पुगेर उपभोक्ता समितिसँग योजना सम्झौता गरेको छ।

वडामै योजना सम्झौता हुँदा उपभोक्ता समितिलाई झन्झट हट्नुका साथै समय र खर्चको बचत भएको छ। गाउँपालिकाको केन्द्र मुनामा जान आउन अपायक पर्ने वडा नम्बर ६ मराङमा शुक्रबार र ५ मल्कवाङमा बिहीबार घुम्ती शिविरमार्फत योजना सम्झौता भएको छ । प्रमुख प्रशासकीय अधिकृत मोतीप्रसाद अर्याललले मल्कवाङमा ९ र मराङमा १५ वटा उपभोक्ता समितिसँग योजना सम्झौता भएको बताउनुभयो। बुधबार वडा नं २ लुलाङमा सात वटा योजनाको उपभोक्ता समितिसँग सम्झौता भएको थियो । वडामै योजना सम्झौता हुँदा उपभोक्ता समितिका पदाधिकारीहरूलाई पालिकामा जाने आउने समय, झन्झट हट्नुका साथै व्ययभार घटेको धौलागिरि गाउँपालिका-६ का वडाध्यक्ष राजाराम सुवेदीले बताउनुभयो। "मराङ, मल्कवाङका बासिन्दालाई मुना पुग्न, काम गर्न र फर्कन उपभोक्तालाई कम्तीमा तीन दिन लाग्ने गर्छ", उहाँले भन्नुभयो, "वडामै योजना सम्झौता भएपछि एउटा उपभोक्ता समितिका कम्तीमा तीन जनाको पालिका जाने आउने समय र खर्च बचत भएको हो।"

मराङ र मल्कवाङका बासिन्दालाई धौलागिरिको केन्द्र मुनामा पुग्न मालिकाको केन्द्र दरबाङ धारापानी ताकम हुँदै घुमाउरो यात्रा गर्नुपर्छ। पालिकाको आर्थिक कारोबार हुने प्रभु बैंकको शाखा ताकममा छ । मुनामा बैंकको शाखा नभएकाले खाता खोल्ने र आर्थिक कारोबारका लागि ताकम पुग्नुपर्छ।

पालिकाको केन्द्र र बैंकको शाखा एकै ठाउँमा नहुँदा मल्कवाङ, मराङ र ताकमका सेवाग्राहीलाई झन्झटपूर्ण उल्टो यात्रा गर्नुपर्छ। मराङ र मल्कवाङका उपभोक्तालाई आर्थिक कारोबार गर्न ताकमभन्दा दरबाङमा रहेको बैंकको शाखाबाट सजिलो र पायक पर्छ। उपाध्यक्ष रेशम पुनमगरको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत मोतीप्रसाद अर्याल, योजना अधिकृत हरिहर पनेरू, पूर्वाधार शाखाका लोकेन्द्र रावल, प्रशासनका रमेश पौडेलको टोलीले माघ २३ गते ताकम र २४ गते मुदीमा पुगेर योजना सम्झौता गर्ने समय तालिका बनाएको छ।

वडाका अध्यक्ष, सचिव र जनप्रतिनिधिले सहजीकरण तथा समन्वय गर्नुभएको छ। प्राविधिक टोलीले यसअघिनै योजनाको लागत अनुमान र डिजाइन तयार पारेका थिए । सबै प्रक्रिया पूरा गरेर योजना सम्झौता गरी पायक पर्ने ठाउँको बैंकको शाखामा गएर खाता खोल्न सिफारिस गरी पेश्की उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

योजना सम्झौता गर्न आएका उपभोक्ता समितिका पदाधिकारीलाई प्राविधिक, लेखा व्यवस्थापन र प्रशासनिक प्रक्रियाका विषयमा परामर्श पनि दिइएको छ। ठूला योजना ठेक्का प्रक्रिया अघि बढाउन र उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने योजना सम्झौतामा तीव्रता दिइएको छ । यस वर्ष धौलागिरि गाउँपालिकाले एक सय २३ वटा योजना कार्यान्वयन गर्दैछ। वडामा पुगेको गाउँपालिकाको टोलीले स्थानीयवासीसँग छलफल, विकास योजनाको अनुगमन पनि गरेको छ।

# ज्ञान गंगा स्कुलको २० औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १९ माघ



पोखरा-१४ मा अवस्थित ज्ञान गंगा बोडिङ स्कुलको २० औं वार्षिकोत्सव तथा अभिभावक दिवस एवम् पुरस्कार वितरण समारोह बिहीबार सम्पन्न भएको छ।

वडा नं १४ का वडा अध्यक्ष वोधबहादुर कार्कीले उद्घाटन गर्नु भएको कार्यक्रममा उहाँले शिक्षा नै हरेक किसिमका उन्नतिको मुहान भएकोले शिक्षावाटै व्यक्ति, समाज र राष्ट्रको विकास हुने बताउनुभयो। विद्यालयले यस क्षेत्रको शैक्षिक जागरणमा विशिष्ट भूमिका खेलेको बताउनुभयो । एउटा असल व्यक्ति, असल परिवार, असल समाज र विकसित राष्ट्र बनाउनलाई अनिवार्य शिक्षा आवश्यक रहेको कार्कीले जोड दिनुभयो।

गण्डकी बोर्डिङ स्कुलका निवर्तमान प्रधानाध्यापक एवम् शिक्षाविद् रवि वरालले विद्यार्थी, शिक्षक र अभिभावक सकारात्मक भइ अगाडि बढ्नु पर्ने धारणा राख्नुभयो । शिक्षाले समाजमा मानवको इज्जत र मान प्रतिष्ठा बढाउने भएकोले विद्यार्थीलाई पढाई लेखाईमा प्रगति गर्नका लागि अभिभावकको मुख्य भूमिका हुने बताउनुभयो। हिसान कास्कीका पूर्व अध्यक्ष एव ग्लोबल कलिजियटका प्रिन्सिपल बाबुराम पन्तले विद्यालयले छोटो समयमा शैक्षिक लगायतका विविध क्रियाकलापमा प्रगति गरेको बताउनुभयो । उहाँले बालबालिकाको आजको सिकाई भनेको सिपमुलक शिक्षा हो त्यसकारण अभिभावकले भौतिक बस्तुमा लगानी गर्नु भन्दा सिपमुलक शिक्षामा लगानी गरेमा उसले जस्तो सुकै आवस्थमा पनि जिवन निर्वाह गर्न सक्ने कुरा बताउनुभयो। ज्ञान गंगा विद्यालयका प्रिन्सिपल शिला थापाले विद्यालयमा किताबी ज्ञानसँगै व्यावहारिक ज्ञान पनि दिइँदै आइरहेको बताउनुभयो । उहाँले बालबालिकालाई व्यवहारिक शिक्षा दिनका लागि विद्यालयमा सिकाईका विभिन्न प्रक्रिय अपनाइदै आएको बताउनुभयो । उहाँले अवको भावी योजना गुणस्तरीय शिक्षा प्रदान गर्नेमा नै जोड दिइएको बताउनुभयो । उक्त कार्यक्रममा समाजसेवी अर्जुन थापा, प्याब्सन कास्कीका पूर्व अध्यक्ष मथुरा पौडेल, प्याब्सन कास्कीका वरिष्ठ उपाध्यक्ष विष्णुप्रसाद शर्मा, एनफोर्स कास्कीका अध्यक्ष प्रेम बहादुर कुँवर, समाजसेवी ध्रुव थापा, एलए बोडिङका प्रिन्सिपल सालिकराम अधिकारी, बालप्रभात बोडिङ स्कुलका प्रिन्सिपल डिल्लीराम अर्याल, लेकसिटी कलेजका सहायक क्याम्पस प्रमुख शोभाकान्त सिग्देल, डा. सन्तोष बानिया लगायत विभिन्न आमा समुहका अध्यक्ष तथा टोल सुधार समितिका अध्यक्षहरु एवम् समाजसेवी व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । सो अवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण भण्डारी, विद्यालयका संचालक सुमन बहादुर थापा, रवी पन्त, नन्दकुमारी ढकालको उपस्थिती रहेको थियो । विद्यालयको संचालक समितिका अध्यक्ष शान्त बहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत मन्तब्य विद्यालयका कोर्डिनेटर शिव गौतम र विद्यार्थी शिसिर थापाले गरेका थिए। विद्यार्थीहरुको तर्फबाट सुबदना भण्डारी, अविसा नेपाली, करुणा थापा, दिप्सना विष्ट, दिलिशा क्षेत्री, अनमोल रानाभाट, प्रिन्सिस मजाकोटी लगायतले कार्यक्रम संचालन गरेका थिए। कार्यक्रमको संचालन शिक्षक शिव गौतम, विष्णु पौडेल शिक्षिका उमा ढुंगाना र निकिता रानाभाटले गर्नुभएको थियो। कार्यक्रममा विद्यार्थीहरुलाई शैक्षिक वर्ष ०७९/०८०/०८१ को विभिन्न शैक्षिक विधाका क्रियाकलापमा पुरस्कृत हुनेलाई पुरस्कार वितरण गरिएको थियो । साथै विद्यालयमा लामो समयसम्म सेवा गर्ने शिक्षकशिक्षिका तथा कर्मचारीलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरुले गीत, संगीत, नृत्य नाटक प्रस्तुति गरेका थिए।

# रेडक्रस स्याङ्जाको सभापतिमा पुन : अर्याल

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १९ माघ

नेपाल रेडक्रस सोसाईटी स्याङ्जा जिल्ला शाखाको सभापतिमा पुन : दिनेश अर्याल निर्वाचित भएका छन्। शुक्रवार भएको जिल्ला अधिवेसनले पुन : अर्यालको सभापतित्वमा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । अधिवेसनले महिला उपसभापतिमा लक्ष्मी थापा, उपसभापतिमा लक्ष्मीकान्त रेग्मी, मन्त्रीमा रामचन्द्र अर्याल, कोषाध्यक्षमा महेशबहादुर थापा(गणेश), उपमन्त्रीमा राजेन्द्रदेव खनाल र उपकोषाध्यक्षमा अर्जुनकुमार पौडेललाई निर्वाचित गरेको छ।

त्यसैगरी सदस्यहरुमा महिला सदस्य कल्पना पौडेल अर्याल, बिष्णु सुवेदी गैह्रे, नर्मदा अर्याल, सदस्यहरु चुडामणी रेग्मी, बिष्णुप्रसाद खनाल, रोशन लामिछाने, रमेश रेग्मी, थमनारायण ढकाल, कमलबहादुर खड्का र विश्वेश्वर गिरी निर्वाचित भएको निर्वाचन अधिकृत रामदत्त पौडेलले जानकारी दिए। निर्वाचित पदाधिकारीलाई शनिवार निर्वाचन समितिले पद तथा गोपिनियताको सपथ गराएका थिए । सपथसगै समितिले पदभारग्रहण समेत गरेर कार्य अगाडी बढाइएको बताइएको छ । सबैपदहरुमा सर्वसहमितकै आधारमा निर्वाचन सम्पन्न भएको समितिले जनाएको छ। जिल्ला अधिवेसनको संघिय सांसद तथा नेपाली काँग्रेस स्याङ्जाका सभापति राजु थापाले गरेका थिए।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : आर्थिक समस्या |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाव |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**

जन्म : २०१५/११/१८ गते



स्वर्गारोहण : २०८१/१०/०९ गते

**स्व. जुना रसाइली**

यस चित्रे भञ्ज्याङ्ग पोखरा सम्पर्क मञ्च, कास्कीका सदस्य यामबहादुर सुनारको सासुआमा तथा तारा रसाइली सुनारको ममतामयी आमा **जुना रसाइली**को ६६ वर्षको उमेरमा असामयीक निधन भएकोमा यस मञ्च परिवार अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १२ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**बुद्धिराम लम्साल**
**अध्यक्ष तथा**
**चित्रे भञ्ज्याङ्ग पोखरा सम्पर्क मञ्च**
**कास्की परिवार**

# घर बहाल कर घरधनीबाटै लिन सर्वेश्वर मार्ग–पराजुली मार्गका व्यवसायीको माग

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ

पोखराको चिप्लेढुंगास्थित सर्वेश्वर मार्ग–पराजुली मार्गका व्यवसायीहरुले घर बहाल कर घरधनीबाटै लिन आग्रह गरेका छन् ।

सर्वेश्वर मार्ग–पराजुली मार्गका व्यवसायीहरुको साझा संस्था सर्वेश्वर व्यवसायी समितिको शनिबार आयोजित १३ औं साधारण सभाको उद्घाटन शत्रमा बोल्ने व्यवसायीहरुले घर बहाल कर घरधनीले घर बहालमा लगाएबापत तिर्नुपर्ने कर भएकाले त्यो कर व्यवसायीलाई नतिराउन आग्रह गरेका हुन् । उनीहरुको एउटै आवाज थियो,'घर बहाल कर हामीलाई तिराइँदै आएको छ। तर घर बहाल कर तिर्ने जिम्मेवारी घर धनीको हो । त्यसैले त्यो कर घरधनीलाई नै तिराईयोस् । यसो गर्नसके मन्दीको असरले समस्यामा परेका हामी व्यवसायीलाई यसले राहत दिनेथियो ।' कार्यक्रममा बोल्दै सर्वेश्वर व्यवसायी समितिका अध्यक्ष तुलबहादुर थापा (राजन)ले घरबहाल करको समस्या सुल्झाई दिन स्थानिय सरकारलाई आग्रह गरे । कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नम्बर–४ का वडाध्यक्ष देवकृष्ण पराजुलीतर्फ संकेत गर्दै उनले भने,'व्यवसायी अहिले मन्दीको मारमा छन् । त्यसमाथि घरधनीसँग लिनुपर्ने घरबहाल कर महानगरले व्यवसायीलाई तिराईरहेको छ । यसले मन्दीको पीडामा रहेका व्यवसायीलाई थप पीडा दिएको छ । त्यसैले यसको समस्या सुल्झाईदिनु पर्यो वडाध्यक्ष ज्यू ।'

समितिका निवर्तमान अध्यक्ष बालकृष्ण भण्डारीले व्यवसायीको पीडा बुझेर कदम चाल्न जनप्रतिनिधिहरुलाई आग्रह गरे । व्यवसायी कर तिर्न तयार भएको तर घरधनीले तिर्ने कर व्यवसायीलाई जबरजस्ती नथोपर्न उनको आग्रह थियो ।

समितिका सल्लाहकार नरहरी अधिकारीले काठमाडौंका मेयर बालेन्द्र शाहले घरबहाल कर घरधनीबाटै असुल्ने गरेको भन्दै पोखरामा पनि त्यस्तै गर्न आग्रह गरे । काठमाडौंका मेयर बालेनले गरेर देखाए,उनले भने,' पोखराका मेयरलेचाहिं किन नसक्ने ? गर्नुपर्यो ।' समितिका बरिष्ठ उपाध्यक्ष छविलाल गौतमले वैज्ञानिक कर लागु नगर्दा व्यवसायी मर्कामा परेकोबताए । उनले करकै कारण व्यवसायी बिस्थापित हुने खतरा रहेको भन्दै त्यसतर्फ सचेत भएर घर बहाल कर घरधनीलाई नै तिर्न लगाएर थोरै भएपनि व्यवसायीलाई राहत मिल्ने बिचार व्यक्त गरे । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले राज्य कमजोर हुँदा घरधनीले तिर्नुपर्ने कर व्यवसायीले तिरिरहनु परेको बताए । राज्यसँग नत घर बहाल तथ्याङ्क छ,नत व्यवसायीको नै,उनले भने,'यस्तो राज्य कमजोर भएर भएको हो ।'

पोखरा उद्योग वाणिज्य संघकी कार्यकारिणी सदस्य तथा कस्मेटिक व्यवसायी संघ कास्कीकी अध्यक्ष दुर्गा बरालले व्यवसायी बचाउने अभियान वडाले गर्नुपर्ने बताईन् । घर बहाल कर छुट दिएर त्यसको शुरुवात गर्न उनको आग्रह छ । पोखरा–४ वडाध्यक्ष देवकृष्ण पराजुलीले घर बहालमा लिने बेलामा घरधनी र व्यवसायीबीच हुने सम्झौताका कारण समस्या आउने गरेको बताए । उनले भने,'तपाईंहरु घरधनीको तल परेर सम्झौता गर्नुहुन्छ। गरेको सम्झौतापनि वडामा प्रमाणित गर्नुपर्छ तर कहिल्यै गर्नु भएको छैन । प्रमाणित नभएको सम्झौता पत्रले पछि कानूनी मान्यता नपाउँदा तपाईंहरु न्याय पाउनबाट बञ्चित हुनुहुन्छ ।' उनले घरधनीसँगको सम्झौता अनिवार्य नेपाली कागजमा गर्न र त्यो वडाबाट प्रमाणित गराउन आग्रह गरे । साथै उनले सर्वेश्वर मार्ग–पराजुली मार्गको व्यवसाय प्रवर्द्धन कार्यक्रम अबदेखि रातो कितावमा राखेरै गर्न आफू तयार रहेको बताए । साथै उनले डिजिटल मार्केटिङ सम्बन्धि सीप सिकाएर व्यवसाय प्रवर्द्धनमा सघाउने प्रतिबद्धता जनाए ।

कार्यक्रममा टिकटकबाट व्यवसाय प्रवर्द्धन गरेर भाइरल भएका कुर्था घरका सञ्चालक शंकर दाहाललाई उत्कृष्ट व्यवसायी र व्यवसायीका छोराछोरी मध्ये दश जोड दुई कक्षामा सर्वोत्कृष्ट अंक ल्याई उत्तिर्ण हुने प्रनिका ईम्पोरियमका सञ्चालक प्रकाश श्रेष्ठका छोरा कृष श्रेष्ठलाई सम्मान उत्कृष्ट विद्यार्थीका रुपमा सम्मान गरिएको समितिका महासचिव विशाल अधिकारीले जानकारी दिए ।

# श्री रामटोल विकास संस्थाको २१ औं वार्षिकोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ

श्री रामटोल विकास संस्थाको २१ औं वार्षिकोत्सव सम्पन्न भएको छ।

साधारणसभाको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष रुद्रनाथ बरालले टोललाई नमुना बनाएर अगाडी बढ्ने कार्यक्रमका योजना ल्याउनका लागि आग्रह गर्नुभयो । उहाँले वडा नम्बर ८ मा पैसाको अभाव नभएकोमा जोड दिँदै अन्य निजी तथा सामुदायिक संस्थासँग समेत सहकार्य गरेर अगाडी बढ्न सकिने बताउनुभयो । कार्यक्रम रेडियो सफलता १०३.४ मेगाहर्जका प्रवन्ध निर्देशक दुर्गा अधिकारीले सामाजिक क्षेत्रमा अब युवाहरुको उपस्थिती समेत महत्वपूर्ण रहेको हुँदा उनीलाई आवद्ध गराउन टोलबासीहरुलाई आग्रह गर्नुभयो । टोल विकास संस्थाले गरेका सम्पूर्ण गतिविधिमा रेडियो सफलताका साथ रहने प्रतिवद्धता समेत जनाउनुभयो । संस्थाका अध्यक्ष ऋषिराम पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार प्रेमराज गिरी, संस्थापक अध्यक्ष सन्तुमाया गिरी, पशुपति क्षेत्र दिदी बहिनी समुहका कार्यवहाक अध्यक्ष भगवती पौडेल, प्रतिभा टोल विकास संस्थाका अध्यक्ष बसन्त चालिसे लगायतले बोल्नुभएको थियो । संस्थाका कोषाध्यक्ष गायत्री लामिछाने स्वागत गर्नुभएको कार्यक्रमको संचालन सचिव ठाकुर प्रसाद सापकोटाले गर्नुभएको थियो । कार्यक्रममा भावी योजना सहितको बार्षिक प्रतिवेदन समेत प्रस्तुत गरिएको थियो ।

# सर्वेश्वरको भाग्यशाली उपहार योजनाको लक्की ड्र : लामाचौरकी रिनालाई स्कुटर

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ

पोखराको चिप्लेढुंगादेखि गैह्रापाटनसम्म फैलिएको सर्वेश्वर मार्ग र पराजुली मार्गका होलसेल व्यवसायीहरुको छाता संस्था सर्वेश्वर व्यवसायी समिति चिप्लेढुंगा पोखराले सञ्चालन गरेको निःशुल्क भाग्यशाली उपहार योजनाको भाग्य चिट्ठा शनिबार खोलिएको छ ।

नेपालीको महान चाँडहरु बडादशैं, तिहार, नेपाल सम्वत र छठ पर्वको अवसरमा तीन महिना लामो अवधी राखेर समितिले सञ्चालन गरेको निःशुल्क भाग्यशाली उपहार योजनाको शनिबार समितिको साधारण सभा तथा वनभोज कार्यक्रमको अवसरमा खोलिएको हो । सो उपहार योजना भाग्य चिट्ठामा पोखरा–१६ लामाचौरकी रिना बस्नेतले सामान खरिदमा प्राप्त गरेको ५९१५३ नम्बरको कुपनले प्रथम उपहार जित्न सफल भयो । उनले प्रथम उपहार स्वरुप स्कुटर प्राप्त गरेको समितिका अध्यक्ष तुलबहादुर थापा (राजन)ले जानकारी दिए । त्यस्तै, लक्की ड्रबाट तनहुँ म्याग्दे गाउँपालिका–की मेनुका पौडेलले सामान खरिदमा पाएको १९०३४ नम्बरको कुपनले द्वितीय उपहार प्राप्त गर्दै ल्यापटप जितेको छ । यसैगरी, पोखराका समीर कोइरालाले सामान खरिदमा पाएको २३९८३ नम्बरको उपहार कुपन तेश्रोहुँदै मोवाइल र पोखरा–४ गैह्रापाटनका सौगात पाण्डेले प्राप्त गरेको ४६८३७ नम्बरको उपहार कुपन चौथोहुँदै साइकल उपहार जित्न सफल भयो । यसैगरी पोखरा सेदीकी सृजना कँडेल (कुपन नम्बर १३६६०), स्याङ्जा पुतलीबजार–११ की पूजा पौडेल (कुपन नम्बर २०६६४, ज्योति साहले (कुपन नम्बर ४४०४८) र पर्वत कुस्माकी गीता पुन (कुपन नम्बर १६३१८)ले सान्त्वना उपहार जित्न सफल भएका छन् । सान्त्वना उपहार जित्ने चार जनालाई नै नगद ५/५ हजार प्राप्त गरेको अध्यक्ष थापाले जानकारी दिए । बिजेताहरुलाई सर्वेश्वर मार्ग–पराजुली मार्गमै बोलाएर एक कार्यक्रम गरेर उपहार प्रदान गरिने समितिका सचिव विशाल अधिकारीले बताए ।

# एक निर्वाचन क्षेत्र : एक रणनीतिक सडकको काम सुस्त

पोखरापत्र संवाददाता
पोखरा, १९ माघ

गण्डकी प्रदेशको एक निर्वाचन क्षेत्र : एक रणनीतिक सडकअन्तर्गत तनहुँको दुलेगौडा हर्कपुर सडकको काममा ढिलाइ भएको छ । शुक्लागण्डकी नगरपालिकाको दुलेगौडादेखि म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिका जोडिने उक्त सडकमा विसं २०७६ मङ्सिरदेखि काम भएकामा हालसम्म ४१ प्रतिशत मात्रै प्रगति भएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ ।

विसं २०५२ मा ट्र्याक खोलिएको दुलेगौडा–हर्कपुर सडक १० दशमलव १८ किलोमिटर सडक कालोपत्रका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भई २०७६ साल मङ्सिर २४ गते शिलान्यास गरिएको थियो । विसं २०७८ माघ १० गतेभित्र सम्पन्न हुनुपर्ने सडकमा पटक–पटक म्याद थप गरिएको छ । आगामी असारसम्म म्याद रहेको उक्त खण्डको प्रगति हालसम्म ४१ प्रतिशत रहेको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख रवीन्द्र तिवारीले जानकारी दिनुभयो । उक्त खण्ड कालोपत्रका लागि एमएस शङ्करमाली निर्माण सेवाले रू २५ करोड १० लाख ६० हजारमा ठेक्का पाएको थियो । शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिकासँग जोडिने उक्त खण्डको दूरी २३ किलोमिटर छ । पहिलो चरणमा दश किलोमिटर सडक कालोपत्रका लागि ठेक्का सम्झौता भएको थियो । ट्र्याक खुलेको २४ वर्षपछि स्तरोन्नति सुरु हुँदा स्थानीयवासी खुसी भएका थिए । तर कामको प्रगति नहुँदा स्थानीयवासीले चुनावको बेला मात्र सडकको विषय बनाउने गरेको भन्दै टिप्पणी गर्ने गरेका छन् । स्थानीय एवं दुलेगौडा हर्कपुर मोटरमार्ग उपभोक्ता समितिका पूर्वअध्यक्ष देउबहादुर श्रेष्ठले यस क्षेत्रकै सबैभन्दा पुरानो सडक समयमै सम्पन्न नहुँदा स्थानीय र यात्रुले धुलो र हिलोको मार खेपेको बताउनुभयो ।निर्माण व्यवसायी श्याम लामाले कोभिडसँगै निर्माण कम्पनीलाई आर्थिक रुपमा नोक्सान परेको बताउँदै आर्थिक समस्याका कारण काम सम्पन्न गर्न समस्या परेको बताउनुभयो ।

# कर्मचारी आवश्यकता

प्रकाशित मिति २०८१।१०।२०

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको १७९ वटा शाखा कार्यालय तथा ५५ जिल्लामा कार्यक्षेत्र रहेको यस **सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**को लागि तल उल्लेखित पदहरूमा कर्मचारीहरु पदपूर्ति गर्नुपर्ने भएको हुँदा आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिलः**

| क्र.स | विज्ञापन नं./ पद/ श्रेणी | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव । |
|---|---|---|---|
| १. | विज्ञापन नं. २/०८१/०८२<br>पदः कार्यालय सहयोगी<br>श्रेणी : सहयोगी | १ जना | मान्यता प्राप्त विद्यालयबाट न्युनतम आठ कक्षाको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ । |
| २. | विज्ञापन नं. ३/०८१/०८२<br>पदः सुरक्षा पाले<br>श्रेणी : सहयोगी | १ जना | मान्यता प्राप्त विद्यालयबाट न्युनतम आठ कक्षाको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ । |

(क) **उमेरः सहयोगी श्रेणी**: १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको (महिला उमेदवारको हकमा माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ) यस वित्तीय संस्थाको बहालवाला कर्मचारीलाई उल्लेखित उमेरको हद लाग्ने छैन ।
(ख) **परीक्षाको किसिमः** माथि उल्लेखित पदको लागि लिखित र अन्तर्वार्ता कुनै एक वा सबै हुनेछ ।
(ग) **दरखास्त फारम पाइने स्थानः** संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी -४, वचुहाइट, ललितपुर ।
(घ) **परीक्षा र अन्तर्वार्ता हुने स्थानः** संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी -४, वचुहाइट, ललितपुर ।
(ङ) **तलब, भत्ता तथा अन्य सुविधाः** संस्थाको नियमानुसार ।
(च) **काम गर्ने स्थानः** संस्थाको आवश्यकता अनुसार नेपाल भरी रहेका जुनसुकै कार्यालयमा रही कार्य गर्न सक्षम र इच्छुक ।
(छ) **परीक्षा दस्तुरः** माथि उल्लेखित बिज्ञापन नं. २ र ३ को लागि रु. ३००।-लाग्नेछ ।
(ज) **आवश्यक कागजातः** इच्छुक उमेद्वारहरुले संस्थाको तोकिएको ढाँचामा आवेदन फारम सहित बायोडाटा (CV) नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा अनुभवको प्रमाण-पत्रहरूको प्रतिलिपि मिति २०८१/११/०४ गते कार्यालय समयभित्र दरखास्त पाइने स्थानमा बुझाउन सकिनेछ ।

**नोटः** रितपूर्वक प्राप्त दरखास्तहरु मध्ये छोटो सूचीमा (Short List) परेका उमेदवारहरुलाई मात्र छनौट प्रक्रियाको लागि सम्पर्क गरिनेछ । छोटो सूचीमा (Short List) समावेश भएका उमेद्वारहरुको परीक्षा सम्बन्धी कार्यक्रम सोही मितिमा प्रकाशित गरिनेछ । आवेदन स्वीकार गर्ने, अस्वीकार गर्ने वा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार संस्थाको पदपूर्ति समितिमा निहित हुनेछ ।

**पदपूर्ति समिति**

**सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**
Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
कर्पोरेट कार्यालय महालक्ष्मी -४, ललितपुर
फोन नं. ०१- ५९१२७५२, ५९१२७५३

# धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको १५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१०/२०)

यस श्रीपति बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणीहरुले यसै संस्थाबाट व्यक्तिगत कर्जा लिनु भएका सदस्यले कर्जाको साँवा तथा ब्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्नु भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८१/०४/३१ गते कर्जा चुक्ता गर्ने ३५ (पैतीस) दिने सूचना प्रकाशित गर्दा समेत ऋणीले कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो धितोमा रहेको जग्गा लिलामको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८१/०८/१३ गते ३५ दिने साथै मिति २०८१/१०/२० गते १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित १५ दिनभित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले दिएको अधिकार प्रयोग गरी सूचना प्रकाशित भएको मितिले ३६ औं दिन धितो जग्गा लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैमा जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ । तपसिलमा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा धितो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | ऋणीको नाम : रामु बुढा<br>ठेगाना : पोखरा-२५<br>बाबुको नाम : निम प्रसाद बुढा<br>बाजेको नाम : थमलाल बुढा |  | जग्गाः साबिक भ्यारजाती -७, कास्की<br>हालः पोखरा -१८<br>कित्ता नं. : ८७९, ८८०<br>क्षेत्रफल : १५३, १५४.९९ व.मि. |
| २. | ऋणीको नाम : मुक्ति ब. पाइजा<br>ठेगाना : बेनी न.पा-१<br>बाबुको नाम : चन्द्र बहादुर पाइजा<br>बाजेको नाम : रामभक्त पाइजा |  | जग्गाः साबिकढिकुरपोखरी-५,कास्की<br>कित्ता नं. : ७३३<br>क्षेत्रफल : ३०१०.६३ व.मि. |
| | ऋणीको नाम : अनिता पाइजा<br>ठेगाना : पाल्लेखेत-४, म्याग्दी<br>पतिको नाम : मुक्ति बहादुर पाइजा<br>ससुराको नाम : चन्द्र बहादुर पाइजा |  | |
| | ऋणीको नाम : सुनिता श्रेष्ठ<br>ठेगाना : नाग्लीवाङ-३, पर्वत<br>पतिको नाम : दल बहादुर श्रेष्ठ<br>बाबुको नाम : जीवन कुमार श्रेष्ठ |  | |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा १६ औं दिनको १:०० बजेदेखि यस संस्थाको कार्यालय पोखरा-९, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्यक्रम हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ ।
४. लिलाम सकार गर्न व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ । लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन ।
५. डाँक बढाबढको सुरुवात अंक चल अचल सम्पत्तिको न्यूनतम तथा पंचकृत मूल्याङ्कनबाट सुरुवात गरिनेछ ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च धितो जग्गा स्विकार गर्ने बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहनेछ ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**श्रीपति बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-९, कास्की**